आज मिति २०७८ साल कार्तिक ७ गते आइतवारका दिन यस नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास १ | श्री निरबहादुर ठकुरी | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ५ | श्री सुरबहादुर थापा | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : अघिल्लो बैठकको समीक्षा सम्बन्धमा प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२ : प्रस्ताव स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.३ : दमौली अस्पतालको लागि जग्गा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४ : रजिष्ट्रेशन शुल्क छुट सम्बन्धमा ।
प्रस्ताव नं.५ : लैङ्गिक हिंसा कार्यक्रमको लागि रकम सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : कृषि कार्यक्रम सम्बन्धी कार्यविधि २०७८ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७ : कृषि अनुदान रकम वितरण सम्बन्धमा ।
प्रस्ताव नं.८ : सार्वजनिक सुनुवाई सम्बन्धमा ।
प्रस्ताव नं.९ : स्वीकृत भएका योजनाहरु कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.१० : राजश्व संकलन सम्बन्धमा ।
प्रस्ताव नं.११ : विभिन्न अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ : स्वास्थ्य क्लिनिक नविकरण सम्बन्धमा ।
प्रस्ताव नं.१३ : बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४ : आँखा शिविर सम्बन्धमा ।
प्रस्ताव नं.१५ : मानुङ क्षेत्र सरसफाई व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१६ : व्यास ८ बर्लाचीमा स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्न घर भाडामा लिने सम्बन्धमा ।
प्रस्ताव नं.१७ : खानेपानी योजनामा धनजमानी सम्बन्धमा ।
प्रस्ताव नं.१८ : जग्गा प्राप्ति प्रकृया अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.१९ : कार्यालयहरु उद्घाटन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२० : कार्यविधि एवं मापदण्ड निर्देशिका सम्बन्धमा ।
प्रस्ताव नं.२१ : एम्बुलेन्स खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२२ : पसल कवल खाली गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२३ : कोठा तथा कवल भाडा छुट सम्बन्धमा ।
प्रस्ताव नं.२४ : बहुउद्देश्यीय भवन भाडामा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२५ : शुल्क कार्ड प्रणाली लागू गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६ : बहाल कर सम्बन्धमा ।
प्रस्ताव नं.२७ : मनोरञ्जन कर सम्बन्धमा ।
प्रस्ताव नं.२८ : विज्ञापन कर सम्बन्धमा ।
प्रस्ताव नं.२९ : मेड्पा कार्यक्रम फोकल पर्सन सम्बन्धमा ।
प्रस्ताव नं.३० : विभिन्न समिति अर्न्तगत शाखागत कार्यक्षेत्र बारे ।
प्रस्ताव नं.३१ : मेड्पा उद्यम समिति गठन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७८/६/२२ गते भएको कार्यपालिका बैठकको निर्णयहरु र कार्यान्वयन पक्षको समीक्षा गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा श्री वन तथा भू-संरक्षण विभाग बबरमहल काठमाण्डौंबाट स्थानीय तहसँगको साझेदारीमा शहरी वन विकास कार्यक्रम संचालनको लागि प्रस्ताव माग भएकोमा तपशिलमा उल्लेखित ३ वटा योजनाहरु स्वीकृत गरी प्रस्ताव माग गरी पठाउने र कार्यक्रम स्वीकृत भएमा "स्थानीय तहसँगको साझेदारीमा शहरी वन विकास कार्यक्रम संचालन कार्यविधि २०७७" बमोजिम स्थानीय तहले लागत साझेदारी वापत व्यहोर्नु पर्ने ३० प्रतिशत रकम यस कार्यालयले व्यहोर्ने निर्णय गरियो ।

तपशिल

१. पराशर आश्रम पार्कमा शौचालय, वृद्धाश्रम र पार्कको स्तरोन्नति, व्यास ५

२. वि.पि.वन बाटीका खेल मैदानमा सार्वजनिक शौचालय र वृक्षारोपण, व्यास ३

३. दमौली सेन्ट्रल पार्क निर्माण, व्यास ३

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ दमौली स्थित दमौली अस्पतालमा स्तरबृद्धि एवं आँखा उपचार सेवा लगायत विशेषज्ञता सेवा विस्तार गर्न हाल अस्पतालले भोगचलन गरिरहेको जग्गा नपुग भएकाले जग्गा थप गर्न यस अघि व्यास नगर सभा समेतबाट सिफारिस गर्ने निर्णय भई विभिन्न प्रस्तावहरु गण्डकी प्रदेश सरकारमा पेश हुदैं आएकोमा उक्त कार्य हुन बाँकि नै रहेकाले दमौली अस्पतालको मिति २०७८।०७।०७ को च.नं.४८७ को पत्रानुसार अस्पतालसँग सिमाना मिल्दो साविक कृषि विकास कार्यालय तनहुँ हाल कृषि ज्ञान केन्द्रको साविक फराकचौर नक्सा नं.९(ग) कि.नं.१५९६ को क्षेत्रफल १०-०-०-० अबल पाखो मध्ये अस्पतालका नाउँको ऐ. कि.नं.१३२५ तर्फ साँध मिल्ने गरी ५-०-०-० कित्ता १ र साविक श्री ५ को सरकार पशु चिकित्सालय तनहुँ दमौली, हाल भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका नाउँको ऐ. फराकचौर नक्सा नं.९(ग) कित्ता नं.१५९७ को क्षेत्रफल १६-१४-२-० मध्ये कित्ता नं.१५९६ बाट ५-०-०-० अस्पतालका नाउँमा जाने जग्गासँग मिल्दो जोडिने तर्फ ७-०-०-० सात रोपनी अबल पाखो, दमौली अस्पताललाई उपलब्ध गराउने गरी सम्बन्धित निकाय र गण्डकी प्रदेशका नाउँमा सिफारिस गरिदिनुहुन भनी अनुरोध भई आएकाले दमौली अस्पतालको स्तरबृद्धि हुने, कृषि ज्ञान केन्द्र र पशु अस्पताल समेत आफ्नै जग्गामा व्यवस्थापन हुने अबस्था देखिदाँ उक्त कित्ता १५९६ र १५९७ बाट क्रमश ५-०-०-० र ७-०-०-० जग्गा समेत जम्मा १२-०-०-० बाह्र रोपनी जग्गा दमौली अस्पतालका नाउँमा उपलब्ध गराई दिनुहुन गण्डकी प्रदेश सरकार र नेपाल सरकारसँग सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशु फर्मको लागि जग्गा खरिद गर्नका लागि तपसिल बमोजिमका फर्महरुबाट मालपोत कार्यालय तनहुँमा रजिष्ट्रेशन दस्तुर छुट गर्न माग भई आएकोले सिफारिसको लागि अनुरोध गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.५ बस्ने रञ्जना वाग्लेले सञ्चालन गर्दै आउनु भएको जलबाराही कृषि तथा पशुपंक्षी फर्मले व्यास न.पा. वडा नं.१ र ११ मा व्यवसाय विस्तार गर्नका लागि व्यास १ स्थित साविक कर्लुङ्ग ६/भ कि.नं. ३७९३ ज.रो. ४-०-२-२ प्रतिमान बाटाजुका नाउँमा रहेको जग्गा र व्यास ११ स्थित राज बहादुर गुरुङ्ग र अम्बर बहादुर कुँवरका नाउँमा रहेको साविक फराकचौर ७/ङ कि.नं. २१५, २२८, ३४७, ३६३, ३४५, २१६, २५०, ३६२, ९९८ ज.रो. ०-६-३-२, ८-२-०-३, १-१२-०-०, ८-२-३-१, ७-११-१-२, ०-६-३-२, १-१५-२-०, ६-०-०-०, ०-११-२-२ कित्ता जग्गाहरु जलबाराही कृषि तथा पशुपंक्षी फर्मका नाउँमा राजिनामा पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

(ख) भानु नगरपालिका वडा नं.८ बस्ने प्रोपाइटर गणेश बहादुर मगरको नाउँमा रहेको एग्रीगेट मल्टी एग्रो प्रा.लि. फर्मले व्यास न.पा. ११ मा व्यवसाय विस्तार गर्नका लागि साविक फराकचौर नक्शा नं.५/घ कित्ता नं.२४ ज.रो. २१-६-०-० पित बहादुर गुरुङ्गको नाउँमा रहेको जग्गा एग्रीगेट मल्टी एग्रो प्रा.लि. फर्मका नाउँमा राजिनामा पारित गरी लिन कानून बमोजिम लाग्ने रजिष्ट्रेशन शुल्कमा छुट दिन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको चालु आ.व. मा (बजेट शिर्षक २४४) लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रमबाट श्री मादीगंगा महिला बहुउद्देश्यीय सहकारी संस्थाद्वारा

सञ्चालित लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहारबाट हिंसा पीडित महिलाहरुको लागि अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्रलाई रू.५,००,०००।- (पाँच लाख) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६** : प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको कृषि सम्बन्धी नीतिलाई मजबुद बनाउनका लागि आलु, लसुन, प्याज पकेट क्षेत्र सम्बन्धी कार्यविधि २०७८ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** : प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको चालु आ.व.का लागि छुटयाईएको कृषि अनुदान अन्तर्गत शिर्षक नं.२२९.१ अन्तर्गतको रकम कृषि शाखाबाट सिफारिस भई आएका कृषि सम्बन्धी मापदण्ड पुरा गरेका निम्नानुसारका कृषि फर्मलाई निम्नानुसारको रकम अनुदान दिने निर्णय गरियो ।

(१) व्यास एग्रो फर्म व्यास ४ सिमलटार रू.४,००,०००।- (चार लाख)

(२) राजु कृषि तथा पशु फर्म व्यास ९ डोटेलफाँट रू.४,००,०००।- (चार लाख)

(३) क्यामिन मौरीपालन पकेट सञ्चालक समिति व्यास ९, मेवाबारी रू.४,००,०००।- (चार लाख)

**निर्णय नं.८** : प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा प्रथम चौमासिकमा यस न.पा.द्वारा सम्पादन गरिएका कार्य गतिविधीका सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नका लागि २०७८/७/२८ गते आइतवार १:०० बजे दमौलीमा गर्ने र सो कार्यका लागि नेपाल पत्रकार महासंघ तनहुँ शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.९** : प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गत बर्षहरुमा स्वीकृत योजनाहरु विविध कारणले सम्पन्न हुन बाँकी नै रहेकाले तिनीहरुको तदारुकताका साथ कार्यान्वयन गराउन र अन्य यस आ.व.का योजनाहरुलाई कार्यान्वयन प्रकृयामा लैजान सम्बन्धित वडाहरुसँग समन्वय गरी तत्-तत् वडाका कार्यहरुलाई उपभोक्ता समिति मार्फत र टेण्डर प्रकृया मार्फत अघि बढाउन पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नगरपालिका अन्तर्गत व्यवसाय कर र घर भाडा कर एवं घर भाडा बाँकी बक्यौता उठनका लागि राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो । साथै करको दायरामा ल्याउनुपर्ने विविध विषयको प्रस्ताव पेश गर्न समेत राजश्व परामर्श समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.११** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | निर्मल नगर टोल सडक बत्ती जडान | १ | १,९७,०००।०० | ७९० |
| २. | सुपारे आँप कल्भर्ट मर्मत | १ | ३५,०००।०० | ८६४ |
| ३. | राजु घर्ती, घर क्षति बसोवास सहयोग | १ | २५,०००।०० | ५० |
| ४. | देउराली परियार गुठी भवन निर्माण | ३ | २,००,०००।०० | ७८५ |
| ५. | पराशर सत्सङ्ग भजन, आगलागी राहत | ५ | ४०,०००।०० | विपद |
| ६. | वडा कार्यालय सि.सि. क्यामेरा जडान | ५ | ७१,२००।०० | ७९२ |
| ७. | गलेखामकोट भैरवी पर्यटन क्षेत्र विकास समिति दशैं पुजा सञ्चालन | ६ | २५,०००।०० | ८१ |

| | | | | |
|---|---|---|---|---|
| ८. | श्याम्घा स्वास्थ्य चौकी सेवा कार्यालय मर्मत | ६ | ३,००,०००।०० | ७८१ |
| ९. | कच्ची सडकहरु सफाई | ६ | ४७,४६०।०० | ८२ |
| १०. | शेखमटार मोटर मार्ग स्तरोन्नती | ७ | १,४०,०००।०० | ८६४ |
| ११. | कालिका मार्ग आरुबोटे खोला सोलिङ्ग कजवे | ८ | १,२५,०००।०० | ८६४ |
| १२. | कृष्ण बहादुर नेपाली, शौचालय निर्माण | ९ | २०,०००।०० | ८६४ |
| १३. | देउतीखोला पिपलबोट सडक विस्तार | ९ | १,००,०००।०० | ८६४ |
| १४. | राजापानी आमा समूह भवन निर्माण | ९ | ३,००,०००।०० | ७८५ |
| १५. | छाङ्गाबाराही मन्दिर डि.पि.आर. निर्माण | १० | ४,००,०००।०० | २१४ |
| १६. | खानेपानी टंकी मर्मत, अत्रौली टोल | १० | १,४०,०००।०० | ७९४ |
| १७. | स्याउली मार्ग कुमालटारी | १० | २,६९,०००।०० | ८६४ |
| १८. | पहरेपानी कच्ची मोटर मार्गमा ग्राभेल | ११ | १,००,०००।०० | ८६४ |
| १९. | टोल संस्था, जनप्रतिनिधी कर्मचारी क्षमता | १२ | ३,००,०००।०० | १४४ |
| २०. | बगरगौडा कुलो मर्मत | १२ | १,४०,०००।०० | ७८९ |
| २१. | कार्यालयको शौचालय मर्मत | | ८,०४,२२८।०० | ७९२ |
| २२. | कार्यालयको आपत्कालिन कार्य सञ्चालन केन्द्रको लागि आल्मुनियम पाटेशन | | २,५०,५६९।०० | ७९२ |
| २३. | लिफ्ट मर्मतको लागि पूर्वाधार निर्माण | | ३,६३,९००।०० | ७९२ |
| २४. | तनहुँ नेत्रहिन संघ, अधिवेशन सहयोग | | २५,०००।०० | १६६ |
| २५. | एलायन्स क्लव फूटवल प्रतियोगिता | | २०,०००।०० | ४२ |
| २६. | टाइगर लैण्ड फूटवल प्रतियोगिता | | ३५,०००।०० | ४२ |
| २७. | वडाका विभिन्न मार्गहरुको पैह्रो सफाई | १४ | ३,४६,०००।०० | विपद |
| २८. | सत्यदेवी युवा क्लव बगैंचा संरक्षण | १४ | २,००,०००।०० | ८६४ |

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था नविकरणका लागि आवेदन पेश गर्ने देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुको नविकरणका लागि स्वास्थ्य तथा जनसंख्या शाखाबाट सिफारिस भई आए बमोजिम व्यास नगरपालिकाको "व्यास नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण निर्देशिका २०७६" बमोजिम हुने गरी नविकरण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क.सं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको ठेगाना |
|---|---|---|
| १. | दाहाल स्वास्थ्य क्लिनिक प्रा.लि. | व्यास ३ |
| २. | समाधान हस्पितल प्रा.लि. | व्यास २ |
| ३. | सञ्चो स्वास्थ्य क्लिनिक | व्यास ३ |

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस व्यास न.पा. कार्यालयको बहुउद्देश्यीय भवनमा तल्ला थप निर्माण योजना (**ठेक्का नं.३/vyasmun/२०७८।०७९**) को लागि मिति २०७८।६।४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित गोप्य शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सूचना अनुसार Online मार्फत दर्ता हुन आएका विभिन्न ७ वटा फर्मका बोलपत्रहरु मध्ये न.पा. कार्यालयको स्वीकृत विभागीय लागत अनुमान (मु.अ.कर र कन्टिजेन्सी बाहेक) रु.१,५५,०९,६४६।४१ मा सबैभन्दा बढी ३१.७९ प्रतिशत रकम घटी बोलपत्र दर्ता गराउने श्री पि.एम.शान्ति निर्माण सेवा काठमाण्डौले कबोल गरेको (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) रु.१,०५,७९,३१९।२६ अंकको न्यूनत्तम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी स्वीकृतिको लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भै आएकोले न.पा. बोलपत्र मूल्यांकन समितिको सिफरिस बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा २०७८/७/११, १२, १३ गते जेष्ठ नागरिकहरुलाई प्राथमिकतामा रहेका हिमालय आँखा अस्पताल घारीपाटन पोखराको प्राविधिक सहयोगमा व्यास २ दमौली स्थित बालमन्दिर मा.वि.मा आँखा शिविर सञ्चालन गर्ने र प्राविधिकहरुको नियमानुसार पाउने दैनिक भ्रमण भत्ता र आवास खानाको प्रबन्ध समेतका खर्च बजेट शिर्षक नं. १६८ बाट हुने गरी व्यवस्थापन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा पर्यटकीय क्षेत्र व्यास ५ मानुङ्गकोटको सरसफाईमा गत बर्ष देखि कार्यरत श्री रेख बहादुर थापा र वडा नं.६ को गलेखामकोट सरसफाई एवं सुरक्षा व्यवस्थाका लागि कार्यरत श्री महेन्द्र श्रेष्ठलाई सम्बन्धित वडाको सिफारिसमा कामकाज गरेका मितिदेखि रू.१०,०००। (दश हजार) पारीश्रमिक उपलब्ध गराउने गरी आंशिक सरसफाई एवं सुरक्षा कर्मचारी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास ८ बर्लाचीमा स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्नका लागि स्थानीय पूर्ण बहादुर मर्साङी मगरको ४ कोठे भवन मासिक ३,०००।- (तिन हजार) मा (कर बाहेक) हाललाई दुई बर्षका लागि भाडामा लिई सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** : प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ मा सह-लगानी खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत सञ्चालन हुने वा भइरहेको भादगाउँ सह-लगानी खानेपानी तथा सरसफाई आयोजना व्यास १ तनहुँको कुल लागत रू.१५,२४,३६,७०९।८४ मध्ये सह-लगानी आयोजना व्यवस्थापन कार्यालयबाट प्राप्त हुने अनुदान रकम २५% का दरले रू.३,८१,०९,१७७।५० नगर विकास कोषले तोकेको व्याज दरमा ऋण लिनुपर्ने भएकाले सो ऋणको धनजमानी बसिदिनका लागि उपभोक्ता संस्थाबाट अनुरोध भई आएकोले नगर विकास कोष र उपभोक्ता संस्था बीच हुने ऋण सम्झौताको धनजमानीमा व्यास नगरपालिकाको तर्फबाट हस्ताक्षर गर्न नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.१८** : प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.१ चारकुने स्थित वडा कार्यालयमा दानबाट प्राप्त जग्गामा भवन बनाईएको र सेवा ग्राहीलाई सेवा लिन आउँदा जग्गा साँघुरो भएकोले सेवा प्रवाहमा असर परेको देखिएको र कार्यालयले प्रयोग गर्न सकिने सार्वजनिक प्रकृतिको जग्गा कार्यालय नजिक नदेखिदा कार्यालयसँग जोडिएको न्यूनतम ०-८-०-० जग्गा प्राप्तिका लागि कानूनी प्रकृया प्रारम्भ गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९** : प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा वडा नं.१ को नवनिर्मित कार्यालय भवन २०७८/७/१५ गते बिहान उद्घाटन गरी हाल कार्यालय सञ्चालन भएको आधारभूत स्वास्थ्य कार्यालयका भवन आधारभूत स्वास्थ्य सञ्चालनमा व्यवस्थापन गर्ने र वडा नं.१४ मा रहेको आयुर्वेद औषधालयको भवन २०७८/७/१६ गते उद्घाटन गरी सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.२०** : प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा निम्न लिखित कार्यविधी र निर्देशिका पारित संशोधन गर्ने निर्णय गरियो ।

(१) जलश्रोत सम्बन्धी कार्यविधी २०७८,"
(२) बधस्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८,"
(३) व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमिन गर्ने कार्यविधी, २०७७"
(४) व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधी, २०७७"

**निर्णय नं.२१** : प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ को केशवटार स्वास्थ्य चौकीका लागि एम्बुलेन्स सेवा सञ्चालन गर्नका लागि एम्बुलेन्स खरिद गर्न टेण्डर प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.२२ :** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको स्वामित्वमा रहेको सफासडकको मोहोडामा पर्ने मूल गेटदेखि उत्तर तर्फको भवनमा रहेका तपशिलका पसल कवलहरुको खाली गर्ने सम्बन्धमा मिति २०७८/५/३१ गते च.नं. ८५५ को पत्र तथा मिति २०७८/६/३ गते नगर प्रमुखज्यूको अध्यक्षतामा व्यवसायी समेतको बैठकबाट समेत अवगत गराई पसल कवल खाली गर्न जानकारी गराईएको र यस नगरपालिकाको नगर विकास कोषसँग भएको सम्झौता अनुसार पुराना घर, पसलहरु हटाई नयाँ बहुउद्देश्यीय भवन निर्माण गर्ने भएकोले नियम बमोजिम भुक्तान गर्नुपर्ने बाँकी शुल्क भुक्तान गरी २०७८ माघ १० गतेभित्र कोठा/सटर खाली गर्न व्यवसायीहरुलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | भाडामा बस्नेको नाम, थर | कोठा नं. | कैफियत |
|---|---|---|---|
| १. | कमल श्रेष्ठ | डि १ | |
| २. | सबिता पन्थ | डि २ | |
| ३. | राम नारायण मल्ल | ई १ | |
| ४. | नारायण घिमिरे | ई २ | |
| ५. | मिरा श्रेष्ठ | ई ३ | |
| ६. | राजकुमार श्रेष्ठ | ई ४ | |
| ७. | श्याम मल्ल | ई ५ | |
| ८. | रामकृष्ण पौडेल | ई ६ | |
| ९. | विष्णु प्रसाद वाग्ले | ई ७ | |
| १०. | फणिन्द्र घिमिरे | ई ८ | |
| ११. | जुननारायण श्रेष्ठ | ई ९ | |
| १२. | ईश्वर बहादुर विष्ट | ई १० | |
| १३. | तेज बहादुर रानाभाट | ई ११ | |
| १४. | पवित्रा मिया | ई १२ | |
| १५. | व्यास केवुल प्रा.लि. | यु १ | |
| १६. | युनाइटेड केवल | यु २ | |
| १७. | सिद्धार्थ बैंक लि. | एटिएम | |

**निर्णय नं.२३ :** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा विभिन्न मितिमा यस नगरपालिकाको स्वामित्वमा रहेको भवनको विभिन्न कोठा तथा कवल भाडामा लिनु भएका व्यवसायीहरुको सम्झौता बमोजिम यस कार्यालयलाई भूक्तान गर्न बाँकी रहेकाको हकमा मिति २०७८ कार्तिक मसान्तसम्म यस कार्यालयको राजश्व उपशाखामा अनिवार्य दाखिला गर्न अनुरोध गर्ने र उक्त रकम निर्धारित समयमा दाखिला भएमा १ (एक) महिनाको रकम छुट तपशिलका व्यवसायीहरुलाई प्रदान गर्ने र नभएमा सार्वजनिक सूचना मार्फत असुलउपर गर्न सार्वजनिक सूचना प्रकाशन गरी सरकारी बाँकी सरह असुली प्रकृया अगाडी बढाईने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | भाडामा बस्नेको विवरण | कोठा नं. | कैफियत |
|---|---|---|---|
| १ | कमल श्रेष्ठ | डि १ | |
| २ | फणिन्द्र घिमिरे | ई ८ | |
| ३ | पवित्रा मिया | ई १२ | |
| ४ | व्यास केवुल प्रा.लि | यु १ | |
| ५ | युनाइटेड केवल | यु २ | |

| | | | |
|---|---|---|---|
| ६ | गोविन्द□गोपीकृष्ण नहर्की | ११४□११५ | |
| ७ | सुधिर कुमार गुप्ता□सुकराम विश्वकर्मा | १०७ | |
| ८ | तलिमाया सिन्जाली | एफ २ | |
| ९ | शिव बस्नेत | ११८ | |

**निर्णय नं.२४** : प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयको बहुउद्देश्यीय भवनको कोठा नं.११४ र ११५ खाली भएकोमा व्यास न.पा. ३ बस्ने पुर्भान थापाको नाती गोरे बहादुर थापाको छोरा वर्ष ४८ को मधु सिं थापालाई मासिक रु. ५०,०००।०० (पचास हजार रुपैया मात्र) लिने गरी सम्झौता गर्ने निर्णय भयो । साथै व्यवसाय कर उठाउने सम्बन्धमा राजस्व उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२५** : प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा सरसफाई शुल्कलाई व्यवस्थित र प्रभावकारी बनाउन शुल्क कार्ड प्रणली लागू गर्ने र त्यसको व्यवस्थापनको लागि वातावरण तथा सरसफाई शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२६** : प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा वहाल कर शुल्कमा एकरुपता ल्याई थप व्यवस्थापन गर्न निम्न बमोजिमको व्यवस्था गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | व्यक्तिगत | कूल घर भाडाको ५% | आर्थिक ऐन अनुसार |
| २. | संस्थागत | कूल घर भाडाको १०% | आर्थिक ऐन अनुसार |

*नोट : कुनै कारणवश घर भाडा छुट भएमा सोही अवधिको घर भाडा कर समेत छुट हुनेछ ।*

**निर्णय नं.२७** : प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाभित्र संचालनमा रहने विभिन्न मनोरञ्जन तथा पर्यटनसंग सम्बन्धित तपशिल बमोजिमका शीर्षकहरुमा निम्नानुसार कर तोक्ने निर्णय गरियो ।

| क्र.सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | मादी मोटर बोट | प्रति व्यक्ति टिकटको ५% | आर्थिक ऐन |
| २ | मानुङकोट प्रवेश/सरसफाई शुल्क | प्रति व्यक्ति रू.१०।- | ,, |
| ३ | टिकटक पार्क | प्रति व्यक्ति टिकट ५% | ,, |

*नोट : दर्ता शुल्क आर्थिक ऐन २०७८ अनुसार हुनेछ ।*

**निर्णय नं.२८** : प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा विज्ञापन करका वार्षिक टेण्डर गर्दा टेण्डर पर्न नसकेको हुँदा न्यूनतम शुल्क रू.३,००,०००। (तिन लाख) राखी ३ वर्षको एकमुष्ठ टेण्डर गर्ने र दोस्रो वर्षदेखि वार्षिक १०% रकम बृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९** : प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा गरिवी निवारण लघु उद्यम विकास कार्यक्रम (MEDPA) का लागि शाखा अधिकृत श्री विमल गिरीलाई फोकल पर्सनको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०** : प्रस्ताव नं. ३० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र गठित विभिन्न समितिहरु जस्तैः पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, विधायन समिति, संस्थागत विकास सेवा प्रवाह र सुशासन समितिहरु गत बर्षकै पदाधिकारी सदस्यको निरन्तरता दिने र सम्बन्धित समिति अन्तर्गतका शाखाका कार्यहरुलाई निम्नानुसार समेट्ने निर्णय गरियो ।

**(क) पूर्वाधार विकास समिति :**

(१) पूर्वाधार विकास शाखा

(२) घर नक्सा शाखा

(३) जग्गा विकास तथा विपद् व्यवस्थापन शाखा
(४) फोहोरमैला व्यवस्थापन तथा वावतावरण विकास शाखा

**(ख) आर्थिक विकास समिति :**
(१) कृषि, पशु तथा सहकारी विकास शाखा
(२) उद्योग पर्यटन शाखा
(३) आर्थिक प्रशासन शाखा

**(ग) सामाजिक विकास समिति :**
(१) शिक्षा तथा सामाजिक विकास शाखा
(२) स्वास्थ्य तथा जनसंख्या शाखा

**(घ) संस्थागत विकास सेवा प्रवाह र सुशासन समिति :**
(१) आन्तरिक लेखा परीक्षण शाखा
(२) अनुगमन तथा मूल्याङ्कन शाखा
(३) सामान्य प्रशासन तथा जनशक्ति शाखाखा

**(ङ) विधायन समिति :**
पालिका अन्तर्गतको बन्ने ऐन, नियम, निर्देशिका मस्यौदा, प्रस्ताव

**निर्णय नं.३१ :** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५२ बमोजिम व्यास नगर उद्यम विकास समिति निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) | नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | – संयोजक |
| (२) | पूर्वाधार तथा योजना विकास समिति संयोजक श्री तुलसीराम सापकोटा | – सदस्य |
| (३) | आर्थिक विकास समिति संयोजक श्री मोहन कुमार श्रेष्ठ | – सदस्य |
| (४) | प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – सदस्य |
| (५) | सदस्य श्री लक्ष्मी परियार, वडा नं १० | – सदस्य |
| (६) | श्री विनु वि.क., वडा नं. १ | – सदस्य |
| (७) | श्री विद्या खनाल, वडा नं. १२ | – सदस्य |
| (८) | उद्योग, पर्यटन तथा सँस्कृति प्रवर्द्धन शाखा प्रमुख, व.अ. श्री मेघनाथ आचार्य | – सदस्य-सचिव |